२३२

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २९५/२०७२/०७३

निर्णय नं. १०

बारा जिल्ला मझरीया-४ बस्ने निरन्जन कुमार शाह ....................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाउँ विकास समितिको कार्यालय, मझरीया, बारा ..................................१ विपक्षी
सूचना अधिकारी, गाउँ विकास समितिको कार्यालय, मझरीया, बारा ..................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

बारा जिल्ला मझरीया-४ बस्ने निरन्जन कुमार शाहले गाउँ विकास समितिको कार्यालय, मझरीया, बारा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।१८ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी गाउँ विकास समितिको कार्यालय, मझरीया, बाराका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. आ.व. २०७१/०७२ को गा.वि.स. परिषद्को निर्णयको प्रमाण्ति प्रतिलिपि ।

२. आ.व. २०७१/०७२ मा वितरण गरिएको सामाजिक सुरक्षा भत्ता प्रमाणिति प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल श्रावण २५ गते रोज २ शुभम् ।